**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ४ गते बिहीबार ❑ 18 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सामाजिक सुरक्षा कोषमा जोडिँदै अनौपचारिक क्षेत्रका श्रमिक

**पोखरापत्र संवाददाता**
गण्डकी, ३ असार

गण्डकी प्रदेशका चार स्थानीय तहले अनौपचारिक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराएका छन्। दुई वर्षअघि स्याङ्जाको फेदीखोला गाउँपालिकाले गण्डकीमा पहिलोपटक अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराएको थियो।

अहिले स्याङ्जाकै बिरुवा, बागलुङको ताराखोला र तनहुँको म्याग्देसमेत गरी अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने स्थानीय तहको संख्या चार पुगेको छ। सामाजिक सुरक्षा कोषका वरिष्ठ सहायक निर्देशक जयकृष्ण दुलालका अनुसार फेदीखोलाका ९९, म्याग्देका एक सय, ताराखोलाका ५६ र बिरुवाका ३८ अनौपचारिक क्षेत्रका श्रमिक कोषमा जोडिएका हुन्। औपचारिक क्षेत्र, स्वरोजगार र वैदेशिक श्रमिकको तुलनामा धेरै कम मात्र अनौपचारिक क्षेत्रका श्रमिक कोषमा आबद्ध भएको उहाँले बताउनुभयो। "केही स्थानीय तहले अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराएर अनुकरणीय काम गर्नुभएको छ", सहायक निर्देशक दुलालले भन्नुभयो, "तीनै तहका सरकारले यसमा योगदान गर्न सके श्रमिक तथा मजदुर वर्गको ठूलो हित हुन्छ।" आगामी आवका लागि नीति, कार्यक्रम र बजेट तर्जुमाको तयारीमा रहेका



स्थानीय तहलाई कोषका तर्फबाट सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिन आग्रह गरिएको उहाँले बताउनुभयो। "तीनै तहका सरकारले सह-योगदानमा आधारित रहेर श्रमिकहरूलाई कोषमा आबद्ध गराउन सक्छन्, त्यसो गर्दा स्रोत व्यवस्थापनमा पनि सहज हुन्छ", उहाँले भन्नुभयो, "श्रमिकको जीवन चक्रमा आउने जोखिम व्यवस्थापनका सामाजिक सुरक्षा कार्यक्रम महत्त्वपूर्ण र प्रभावकारी छ।" सरकारले तोकेको श्रमिकको आधारभूत तलबमानको ११ प्रतिशत स्वयम् श्रमिक र ९.३७ प्रतिशत स्थानीय तहको योगदान रकम हरेक महिना कोषमा जम्मा हुने गरेको छ। जसमा श्रमिकको तलबबाट रु एक हजार ३३४ र स्थानीय तहको रु एक सय १४० जम्मा हुने सहायक निर्देशक दुलालले बताउनुभयो। श्रमिकको आधारभूत तलबमानको २०.३७ प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा हुने गरेको छ। स्थानीय तहले आफ्नो स्रोतको सीमा हेरेर योगदान रकम केही घटाउन पनि सक्ने व्यवस्था छ।

श्रमिक एक्लैले आफ्नो पारिश्रमिकको २०.३७ रकम रकम जम्मा गरेर पनि कोषमा आबद्ध हुन सक्ने जनाइएको छ। तनहुँको म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले स्रोतसाधनले भ्याएसम्म अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा जोड्दै जाने योजना रहेको बताउनुभयो। "यसको निरन्तरताका लागि सङ्घ र प्रदेश सरकारसँग पनि बजेट माग गरेका छौँ", उहाँले भन्नुभयो, "सबै क्षेत्रका श्रमिक तथा मजदुरलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सके ठूलो उपलब्धि हुने थियो।" कोषमा आबद्ध भएका श्रमिकले वार्षिक रु एक लाख बराबरको उपचार खर्च, सात लाखको दुर्घटना बिमा, सुत्केरी महिला श्रमिकले ९८ दिन बराबरको पारिश्रमिक र शिशु स्याहारका लागि नगद रु २५ हजार पाउने व्यवस्था छ। वृद्ध तथा अशक्त भई श्रम गर्न नसक्ने अवस्थामा श्रमिकले निवृत्तिभरणसमेत पाउने कोषले जनाएको छ। श्रमिकको जीवनयापनलाई सहज बनाउन र भविष्यमा आउन सक्ने जाखिम व्यवस्थापनका लागि सामाजिक सुरक्षा कोषमा आबद्ध गराइएको बागलुङको ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विक 'हिमाल' ले बताउनुभयो। उहाँले आगामी एक वर्षभित्रमा एक सय जना अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाका कोषमा आबद्ध गराउने लक्ष्य रहेको बताउनुभयो। गाउँपालिकाले विसं २०८१ चैतदेखि अनौपचारिक क्षेत्रका श्रमिकलाई कोषमा आबद्ध गराई रकम जम्मा गर्न सुरु गरेको थियो।

गाउँपालिकाका रोजगार संयोजक शारदा घर्तीले कोषमा आबद्ध हुनुभएका ताराखोला-५ का गमबहादुर दमाईको निधन भएकाले उहाँका आश्रित परिवारलाई निवृत्तिभरण दिलाउन प्रकृया सुरु गरिएको बताउनुभयो। योगदानकर्ताको जुनसुकै कारणले मृत्यु भए पनि आश्रित परिवारले कोषमा जम्मा भएको रकम र त्यसको प्रतिफल पाउने व्यवस्था रहेको उहाँको भनाइ छ।

"योगदानकर्ताको कुनै कारणले निधन भएमा उहाँको अन्तिम आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम आश्रित परिवारले जीवनभर पाउने व्यवस्था कोषमा छ", उहाँले भन्नुभयो। सामाजिक सुरक्षा कोषले श्रमिकबाट कोषमा जम्मा भएको रकमबाट औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध-अवस्था सुरक्षा योजना सञ्चालन गर्दै आएको छ।

## निजी क्षेत्रलाई गरिखाने वातावरण सिर्जना गर्छौं: अर्थमन्त्री डा वाग्ले

**रासस**
काठमाडौं, ३ असार



अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सरकार निजी क्षेत्रलाई गरिखाने वातावरण सिर्जना गर्न तथा लगानीमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपाल चेम्बर अफ कमर्सद्वारा यहाँ बुधबार आयोजित आर्थिक तथा व्यावसायिक गतिविधि विस्तार, लगानीमैत्री वातावरण निर्माण तथा समसामयिक आर्थिक विषयसम्बन्धी छलफल र संवाद कार्यक्रममा अर्थमन्त्री डा वाग्लेले उत्पादन र लगानीमार्फत प्राप्त हुने समृद्धिको मार्गमा सरकार अघि बढिरहेको बताउनुभयो। अर्थमन्त्री डा वाग्लेले सम्पत्ति शुद्धीकरण तथा सम्पत्ति छानबिनका नाममा व्यवसायीलाई अनावश्यक दुःख दिने सरकारको उद्देश्य नरहेको स्पष्ट पार्दै गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने तथा राज्यलाई हानि पुऱ्याउने व्यक्तिमाथि मात्र कारबाही गरिने बताउनुभयो। "इमानदार व्यवसायी डराउनुपर्ने अवस्था छैन, गलत कार्य गर्नेहरू मात्रै कारबाहीको दायरामा आउनेछन्", उहाँले भन्नुभयो। अर्थमन्त्री डा वाग्लेले निजी क्षेत्रलाई सहयोग पुग्नेगरी आगामी मौद्रिक नीति ल्याइने जानकारी दिँदै अर्थतन्त्रलाई चलायमान बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको बताउनुभयो।

शेयर बजारमा केही विचलन देखिए पनि त्यसलाई व्यवस्थित र विश्वासिलो बनाउने दिशामा सरकार काम गरिरहेको उल्लेख गर्दै उहाँले आर्थिक गतिविधिलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने बताउनुभयो। घरबहाल कर प्रभावकारी रूपमा कार्यान्वयन गरिने उल्लेख गर्दै अर्थमन्त्री डा वाग्लेले विगतमा कर नतिर्ने प्रवृत्तिलाई हटाइने बताउनुभयो। अर्थमन्त्री वाग्लेले सातामा दुई दिन सार्वजनिक बिदाको व्यवस्थाले पर्यटन क्षेत्रलाई चलायमान बनाउन सहयोग पुगेको तथा बजार गतिविधिमा सकारात्मक प्रभाव परेको दाबी गर्नुभयो। उहाँले राज्यको दीर्घकालीन हितलाई केन्द्रमा राखेर आर्थिक नीति तर्जुमा गरिएको उल्लेख गर्दै नेपालका अन्तरराष्ट्रिय विमानस्थलको उपयोग वृद्धि गर्न कूटनीतिक तहबाट पहल भइरहेको जानकारी दिनुभयो। घरजग्गा कारोबारलाई पनि क्रमशः चलायमान बनाउने गरी सरकारले आवश्यक नीतिगत व्यवस्था अघि बढाइरहेको उहाँको भनाइ थियो। कार्यक्रममा सहभागी व्यवसायीले लगानीमैत्री वातावरण, नीतिगत स्थिरता, कर सुधार तथा निजी क्षेत्रको मनोबल बढाउने कार्यक्रम कार्यान्वयनमा जोड दिएका थिए।

## क्रिकेटमा दक्ष जनशक्ति उत्पादनका लागि पोखरामा दुई दिने तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

पोखरा क्रिकेट एकेडेमीको आयोजना, किडासा र एमसीसी फाउन्डेसनको सहयोग तथा कास्की जिल्ला क्रिकेट संघ र प्रादेशिक क्रिकेट संघ गण्डकीको प्राविधिक सहयोगमा पोखरामा क्रिकेट प्रशिक्षण, स्कोरिङ, तथा अम्पायरिङ सम्बन्धि दुई दिने 'ओ' लेबल तालिम

बाँकी अन्तिम पृष्ठमा ▶▶

## परिवार नियोजन संघ कास्कीको अभियान अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

नेपाल परिवार नियोजन संघ कास्कीले शुरु गरेको यौंन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान अन्तिम चरणमा पुगेको छ।

कास्कीका २४ वटा विद्यालय तथा कलेजमा संचालन गर्ने लक्ष्य सहित भदौ १७ गतेदेखि अभियान सुरु गरिएको नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले जानकारी दिनुभयो।



अभियान बुधबार पोखरा महानगरपालिका वडा नं १२ मा रहेको शीलतादेवी सामुदायिक विद्यालयमा संचालन गरिएको छ। पोखरा महानगरपालिका वडा नं १२ कार्यालयको सहयोगमा सो विद्यालयमा अभियान संचालन गरिएको हो। सो कार्यक्रम अभियानको २० औं श्रृङ्खला हो। पोखरा महानगरपालिका वडा नं १२ की वडा सदस्य शान्ति कोइरालाले कार्यक्रम शुभारम्भ गर्नुभयो। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक बाबुराम अधिकारीले बोल्नुभएको थियो।

कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका वरिष्ठ शाखा प्रवन्धक नव राज तिवारी, स्टाफ नर्स अन्जना भण्डारी र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम वरिष्ठ शाखा प्रवन्धक नव राज तिवारीले संचालन गर्नुभएको थियो।

## समुदायको पहलले जोगियो भुर्तेल आधारभूत विद्यालय

**पोखरापत्र संवाददाता**
गण्डकी, ३ असार

ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरु विद्यार्थीको अभावका कारण अस्तित्व संकटमा परिरहेका वेला यहाँको एउटा आधारभूत विद्यालय स्थानीय समुदायको सकृयताले जोगिएको छ।

विद्यार्थी नहुँदा बन्दे हुने अवस्थामा पुगेको पोखरा २८ को भुर्तेल आधारभूत विद्यालय



समुदायको सक्रियतामा स्थानान्तरण गरेर जोगाइएको हो। वि.स.२०२० सालमा गाउँको उच्चस्थान सिम्ले चौतारामा स्थापना भएको उक्त विद्यालयमा विद्यार्थी संख्या घट्दै गएपछि वेगनासतालको जलाधार क्षेत्र स्याङ्गखुदीमा सारेर सञ्चालन गरिएको हो। विद्यालय स्थानान्तरण गर्न स्थानीयले गाँस काटेर आर्थिक सहयोग जुटाएका हुन। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भोजराज भुर्तेलका अनुसार २४ लाख

बाँकी अन्तिम पृष्ठमा ▶▶


**सुपथ मूल्यमा आकर्षक छपाइ**

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा 'यामाहा ब्लु फेस्ट' सुरु

पोखरापत्र संवाददाता
पोखरा, ३ असार




यामाहा मोटरसाइकल तथा स्कुटरहरूको मुख्य आपूर्तिकर्ता एम.ए.डब्लु. राइड्स प्रा.लि.तथा पोखराको आधिकारिक विक्रेताभि.ए.डब्लु.इन्टरप्राइजेज प्रा.लि. नयाँबजार को संयुक्त आयोजनामा नेपालकै ठूलो एक्सचेन्ज अभियानका रूपमा प्रचार गरिएको 'यामाहा ब्लु फेस्ट' असार ३ गतेदेखि १० गतेसम्म पोखरा रंगशाला गेट नम्बर-२ स्थित खेल मैदानमा सञ्चालन हुने भएको छ।

आयोजकका अनुसार महोत्सवमा यामाहाका मोटरसाइकल तथा स्कुटर खरिद गर्न चाहने ग्राहकहरूका लागि आकर्षक नगद छुट, हाई-भ्यालु एड-अन सुविधा तथा निःशुल्क एसेसरिज प्याकेज उपलब्ध गराइनेछ । साथै दुई वर्षसम्मको सवारी कर निःशुल्क तथा पाँच वर्षसम्म निःशुल्क सर्भिस सुविधासमेत प्रदान गरिने जनाइएको छ । एम.ए.डब्लु. राइड्स प्रा.लि.का तर्फबाट रिजनलसेल्सम्यानेजररामबोगटी र भि.ए.डब्लु. इन्टरप्राइजेज प्रा.लि.का प्रबन्ध निर्देशक सरोज श्रेष्ठ ले कार्यक्रमबारे जानकारी दिँदै एक्सचेन्ज प्रक्रियालाई थप सहज, छिटो र ग्राहकमैत्री बनाइएको बताए । महोत्सवको मुख्य आकर्षणका रूपमा 'स्पट एक्सचेन्ज', सरल तथा सहुलियतपूर्ण ब्याजदरमा फाइनान्स सुविधा तथा "यामाहा लैजाऔं, घरमा नागरिकताकै भरमा" अफर रहनेछ। कार्यक्रममा हरेक दिन डोरप्राइज वितरण गरिनुका साथै निःशुल्क टेस्ट राइड तथा स्लो राइड प्रतियोगितामा सहभागी हुनेहरूलाई आकर्षक उपहार प्रदान गरिनेछ । आयोजकका अनुसार जुनसुकै कम्पनी तथा ब्रान्डका मोटरसाइकल र स्कुटर एक्सचेन्ज गर्न सकिनेछ। सवारी कर क्लियर भएका यामाहा सवारीसाधनलाई यामाहासँग साटफेर गर्दा न्यूनतम रु। ५० हजार मूल्यांकन गरिनेछ भने अन्य ब्रान्डका सवारीसाधनको एक्सचेन्जमा न्यूनतम रु। २५ हजार मूल्यांकन सुनिश्चित गरिएको छ । त्यसैगरी, बम्पर अफर अन्तर्गत एक जना भाग्यशाली ग्राहकले एप्पलको आईफोन १७ प्रो म्याक्स जित्ने अवसर प्राप्त गर्ने सिनियर म्यानेजर भगवान विजुक्छेले बताए । आयोजकले असार ३ देखि १० गतेसम्म सञ्चालन हुने 'यामाहा ब्लु फेस्ट' मा सहभागी भई एक्सचेन्ज, खरिद तथा विभिन्न अफरहरूको लाभ लिन सम्पूर्ण ग्राहकलाई आग्रह गरेको छ ।

# अन्तरराष्ट्रिय ओलम्पिक दिवसमा पोखरामा विविध कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ३ असार




यही असार ९ (जुन २३) मा पर्ने अन्तरराष्ट्रिय ओलम्पिक दिवस पोखरामा विविध कार्यक्रम गरी मनाउन सुरु गरिएको छ । नेशनल ओलम्पिक एकेडेमी नेपाल, प्रदेश खेलकुद परिषद्, नेपाल भूतपूर्व खेलाडी मञ्चलगायत खेलसम्बद्ध सङ्घसंस्थाको सहकार्यमा दिवस मनाउन लागिएको हो ।

साताव्यापी कार्यक्रमअन्तर्गत मङ्गलबार प्रदेश खेलकुद परिषद्का पदाधिकारी, सदस्य र प्रदेशस्तरीय खेल सङ्घका पदाधिकारीलाई ध्यान अभ्याससहित ओलम्पिकको इतिहास र ओलिम्पक अभियानबारे अभिमुखीकरण गरिएको एकेडेमीका अध्यक्ष तेजबहादुर गुरुङले बताउनुभयो । उहाँले ओलम्मिक शिक्षा विश्वव्यापी रूपमा प्रसार भइरहेको सन्दर्भमा यसको इतिहास र महत्व बुझाउन अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।

ओलम्पिकलाई कुनै पदक र मनोरञ्जनका लागि मात्र नभएर व्यक्ति र समाज रुपान्तरणको माध्यमका रूपमा लिनुपर्ने उहाँको भनाइ छ । बिहीबार जिल्ला खेलकुद विकास समिति, कास्कीका पदाधिकारी र सम्बन्धित खेल सङ्घका पदाधिकारीहरूलाई सोही विषयमा अभिमुखीकरण प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिनुभयो । आगामी शनिबार पोखरा महानगरपालिका-१ सँगको सहकार्य तथा नेपाल भूतपूर्व खेलाडी मञ्चको आयोजनामा पाँच किलोमिटर सडक दौड प्रतियोगिताको आयोजना गरिएको छ । असार ७ गते आइतबार ओलम्पिककै विषयमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरिँदैछ ।नेपाली सेनाको पश्चिम पृतना हेडक्वार्टरमा सोमबार खेल प्रशिक्षक र खेलाडीलाई ओलम्पिक अभियानका विषयमा अभिमुखीकरण गरिने एकेडेमीले जनाएको छ । सोही दिन पोखरा महानगरपालिकाको खेलकुद विकास समितिका पदाधिकारीसहितको सहभागितामा उक्त कार्यक्रम सञ्चालन हुनेछ ।

दिवसको अवसर पारेर ओलम्पिकको इतिहास, उत्पत्ति, विकासक्रम तथा अन्तरराष्ट्रिय एकताको प्रतीकका रूपमा यसको महत्वबारे प्रशिक्षित गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । उहाँका अनुसार विश्वभरका २०६ राष्ट्रिय ओलम्पिक समितिहरूले विभिन्न खेल गतिविधिमार्फत दिवस मनाइरहेका छन् । सोही क्रममा नेपालमा पनि साताव्यापी रूपमा विविध कार्यक्रम आयोजना भइरहेको उहाँले बताउनुभयो ।

# दुई दिवसीय युवा सशक्तिकरण कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ३ असार



युवाहरूमा नैतिक मूल्य, सेवाभाव, सामाजिक उत्तरदायित्व तथा आध्यात्मिक चेतनाको विकास गराउने उद्धेश्यका साथ ब्रह्माकुमारीज क्षेत्रीय कार्यालय, पोखराको आयोजनामा "आध्यात्मिक जागरणद्वारा विश्व नवनिर्माण - २०८३" थिमको क्षेत्रीय शुभारम्भ, युवा प्रभाग नेपालको राष्ट्रिय शुभारम्भ एवं दुई दिवसीय युवा सशक्तिकरण प्रशिक्षण कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ।

गण्डकी प्रदेशका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री माननीय भीमबहादुर कार्कीको प्रमुख अतिथ्यता रहेको कार्यक्रममा विशेष अतिथिका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गण्डकी प्रदेशका नवनिर्वाचित सभापति श्री नवीन त्रिपाठीको उपस्थिति रहेको थियो । संस्थाको माउंट आबू स्थित अंतर्राष्ट्रीय मुख्यालयबाट आउनुभएका युवा प्रभागका राष्ट्रीय समन्वयक ब्र.कु. जीतु भाई जी, भारतबाट आउनुभएका रेडियोलोजिस्ट एमआरआई स्पेसलिष्ट डा. राजेश भाई जीले कार्यक्रममा युवाहरूको व्यक्तित्व विकास, नेतृत्व क्षमता अभिवृद्धि, आत्मविश्वास वृद्धि, सकारात्मक जीवनशैली, तनाव व्यवस्थापन तथा राजयोग ध्यानका विषयमा प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

कार्यक्रमको अध्यक्षता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय नेपालका अध्यक्ष राजयोगिनी ब्रह्माकुमारी परिनीता दिदीजीले गर्नुभएको थियो। कार्यक्रमको प्रारम्भमा महासचिव राजयोगी ब्रह्माकुमार शैलेषराज बरालले कार्यक्रमको उद्धेयश्यमाथी प्रकाश पार्दै स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

अतिथिहरूद्वारा दीप प्रज्वलन गरी कार्यक्रमको औपचारिक उद्घाटन गरिएको थियो। कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय नेपालका वरिष्ठ उपाध्यक्ष राजयोगिनी ब्रह्माकुमारी कमला दिदीजीले युवाहरूलाई आध्यात्मिक मूल्य, सकारात्मक सोच र आत्मा परिवर्तन मार्फत समाज तथा राष्ट्र निर्माणमा अग्रसर हुन प्रेरणा दिनुभयो । पश्चिम नेपालका विभिन्न जिल्लाहरुबाट करिब १५० भन्दा बढी ब्रह्माकमार ब्रह्माकुमारी(युवा युवती)हरुको उत्साहजनक सहभागिता रहेको उक्त कार्यक्रमका सहभागी युवाहरूले प्रशिक्षणबाट जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रेरणा प्राप्त भएको अनुभव व्यक्त गरेका थिए ।

# ब्राह्मण समाज नेपाल, पोखरा महानगर समितिको चौथो अधिवेशन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ३ असार




ब्राह्मण समाज नेपाल, पोखरा महानगर समितिको वार्षिक साधारण सभा तथा चौथो अधिवेशनले सोमनाथ उपाध्याय अधिकारीको अध्यक्षतामा ४१ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ।

समितिको उपाध्यक्षमा कमला भण्डारी, सचिवमा वसन्तराज कोइराला, कोषाध्यक्षमा मनहरी बराल र सहसचिवमा सोनु सुवेदी निर्वाचित हुनुभएको छ। वरिष्ठ अधिवक्ता रोहितराज बास्तोला संयोजक तथा मातृकाराज घिमिरे र माया वास्तोला सदस्य रहेको तिन सदस्यीय निर्वाचन समितिले निर्वाचन गराएको थियो । कार्यक्रम पोखरा महानगर समिति अध्यक्ष चिञ्जीवी बरालको अध्यक्षतामा भएको र प्रमुख अतिथि तथा ब्राह्मण समाज नेपालका केन्द्रीय कार्यवाहक अध्यक्ष महेश पराजुलीले पानसमा दीप प्रज्ज्वलन गरी अधिवेशनको उद्घाटन गर्नुभएको थियो। वहाँले जातीय सद्भाव, स्वजातीय स्वाभिमान र ब्राह्मण जातिको हकहितको सरक्षण गर्न २०६७ सालमा ब्राह्मण समाज नेपालको स्थापना भएको बताउनुभयो।

पोखरा-८ ज्ञानकुन्ज मार्गमा आफ्नै स्वामित्वको तीनतले भवन निर्माण गरी समाजको केन्द्रीय कार्यालय भवन पाउन् हामी सबैका लागि खुसीको कुरा भएको बताउनुभयो । उनका अनुसार समाजले बर्षेनि क्यालेण्डर प्रकाशन गर्नुका माथै वेबसाइट निर्माण गरिसकेको छ। हाल ६५ जिल्लाभन्दा बढीमा संगठन विस्तार गरिसकेको जनाउँदै प्रमुख अतिथि पराजुलीले एक ब्राहमण घर, एक आजीवन सदस्यको नारा अगाडि बढाउन नगर समितिलाई निर्देशन समेत दिनुभएको थियो।

सो अवसरमा समाजका केन्द्रीय उपाध्यक्ष भेषराज लम्साल, केन्द्रीय सचिव पृथ्वी पौडेल, केन्द्रीय सदस्य मीरा आचार्य, कास्की जिल्ला अध्यक्ष रामप्रसाद बस्ताकोटी एवं विश्व हिन्दु महासंघका वरिष्ठ उपाध्यक्ष शंकर खराल लगायतले ब्राहमण समाज नेपाल स्थापना गर्नुका कारण तथा समाजका गतिविधिबारे प्रकाश पार्नु भएको थियो।

महानगर समिति सचिव वसन्तराज कोइरालाले प्रस्तुत गरेको सचिवको प्रतिवेदन नगर परिषद्ले अनुमोदन गरी पारित गरेको थियो । यसैवीच, नवनिर्वाचित अध्यक्ष सोमनाथ अधिकारीले महानगर समितिलाई सक्रिय बनाई जिल्ला, केन्द्रको निर्देशन एवम् विधानको मर्म वमोजिम समाजलाई थप संगठित गरी समाजका गतिविधि अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो।

निर्वतमान अध्यक्ष बरालले सहभागी गरे अतिथि तथा नगर परिषद सदस्यहरुप्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्नुभएको थियो।

कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

◆कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
◆आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
◆उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
◆जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
◆ कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
◆विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
◆ स्थानीय जातका धानहरुको संरक्षण र प्रवर्द्धन गरौं,
◆ व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## क्रिकेटमा ...

सम्पन्न भएको छ । तालिममा सञ्जयकान्त सिग्देल र भोज बरालले अम्पाइरिङ सम्बन्धी, रिजन प्रजु र ऋषिकेश शर्माले कोचिङ सम्बन्धी, तथा आशिष बरालले स्कोरिङ सम्बन्धी तालिम प्रदान गरेका थिए । तालिममा कास्की, पर्वत, स्याङ्जा र तनहुँबाट विभिन्न विद्यालयका सम्बन्धित शिक्षक, पूर्व खेलाडी तथा क्रिकेट प्रेमीहरू सहित ३६ जनाको सहभागिता रहेको थियो । तालिमका सहभागीहरूलाई गिर ासा प्रतिनिधि बसन्त पराजुली सञ्जय आत्रेय लगायतले प्रमाणपत्र वितरण गरेका थिए।

कास्कीसँगै गण्डकी प्रदेशका अन्य जिल्लाहरूमा क्रिकेट गतिविधि बढ्दै जाँदा प्राविधिकहरूको अभावका कारण प्रतियोगिता आयोजनामा समस्या देखिएकाले यो तालिम आयोजना गरिएको आयोजक समितिका अध्यक्ष बबिन कुँवरले जानकारी दिए । यो तालिमले पोखरा क्रिकेट एकेडेमीको आयोजनामा आगामी शनिबारदेखि पोखरामा सुरु हुन लागेको अन्तर विद्यालय छात्र/छात्रा क्रिकेट प्रतियोगिता सञ्चालनमा सहयोग पुग्ने विश्वास लिएको अध्यक्ष कुँवरको भनाई छ।

## समुदायको ...

रुपैयाँमा १२ आना जग्गा खरिद गरिएको जमिनसंग जोडिएको करिव पाँच रोपनी सार्वजनिक जग्गामा विद्यालयको नयाँ भवन निर्माण गरेर सञ्चालन गरिएको छ। विद्यालयमा हाल २८ जना विद्यार्थी अध्ययनरत छन् ।

स्याङखुदी खोलाको तटमा रहेको उक्त जग्गामा १९ लाखको लागतमा निर्माण गरिएको सात कोठे ट्रष्ट भवनमा कक्षा पाँच सम्मको पढाई सञ्चालन भएको उहाँले भन्नुभयो, पोखरा २८ को १४ लाख रुपैया र पाँच लाख बराबरको स्थानीय जनसहभागिता परिचालन गरि भवन निर्माण सम्पन्न गरिएको हो ।

पोखरा महानगर शिक्षा महाशाखाको एक लाख रुपैयाको आर्थिक सहयोमा भवनको सुरक्षाका लागि कम्पाउण्ड वाल निर्माण गरिएको विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष टिकाराम लामिछानेले जानकारी दिनुभयो । विभिन्न तीन वटा सामुदायिक वन उपभोक्ता समुहले आवश्यक काठ उपलव्ध गराएका थिए ।

पुर्खाले आफ्ना छोरा छोरी उज्यालो शिक्षाको घामवाट बञ्चित नहुन भनेर स्थापना गरेर सञ्चालन गरेको विद्यालय विद्यार्थीको अभावमा अन्यत्र मर्ज हुने अवस्थामा पुगेपछि स्थानीय वासिन्दाको आम भेलाले गाउँको विद्यालय वेसीमा सार्ने सर्वसम्वत निर्णय गरिएको बताउँदै लामिछानेले भन्नुभयो, विद्यालयमा गुणस्तरीय शिक्षा र यातायातको लागि भ्यान समेत खरिद गरिएपनि टाँढाको निजी विद्यालय छोराछोरी पाठाउने क्रम अहिले पनि रोकिएको छैन ।

सामुदायिक विद्यालयहरु बन्द हुने क्रम बढिरहेका वेला भुर्तेल आधारभूत विद्यालयको संरक्षण र विकासका लागि स्थानीय तह तथा समुदायले गरेको पहललाई उदाहरणीय प्रयासका रुपमा हेरिएको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्वन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# बजारमा ग्याँसको अभाव हुन नदेऊ

मुलुकका विभिन्न जिल्लामा खाना पकाउने एलपी ग्यास अभाव भएको गुनासो ह्वात्तै बढेको छ। काठमाडौं उपत्यका बाहिरका पहाडीदेखि तराईका जिल्लासम्म ग्यासका लागि घण्टौं लाइन बस्नुपरेको विक्रेता र उपभोक्ताले गुनासो छ। सरकारले आपूर्ति सहज बनाउन र सबै उपभोक्ताले समान रूपमा ग्यास पाउन् भनेर 'आधा सिलिन्डर' नीति ल्याए पनि त्यसले समस्या समाधान गर्नुको सट्टा झन् बल्झाएको छाबजारको समस्याप्रति सरकारले ध्यान नदिएको व्यवसायी र उपभोक्ताहरूको आरोप छ।

अमेरिका-इजरायल र इरानबीचको तनावले इन्धन आपूर्तिमा पारेको जोखिम देखाउँदै नेपाल आयल निगमले आधा सिलिन्डर ग्यास नीति ल्याएको थियो। बजारमा ग्यास अभाव समस्या हल गर्न भन्दै निगम सञ्चालक समितिको अनुरोधमा २९ फागुन २०८२ देखि ७.१ किलो ग्यास मात्रै भरेर बजार पठाउन थालिएको थियो। सुरुमा जम्मा १५ दिनका लागि भनेर लागु गरिएको यो प्रावधान तीन महिना बितिसक्दा पनि पुनरावलोकन हुन सकेको छैन। छोटो समयको संकट टार्न ल्याइएको नीति उल्टै बजारमा ग्यास अभाव गराउने मुख्य कारक बनेको उद्योगी-व्यवसायीको आरोप छ। पहाडी जिल्ला सल्यान, सुर्खेत, गुल्मीदेखि तराईका जनकपुर र सर्लाहीसम्म ग्यास नपाएपछि उपभोक्ताले सास्ती खेपिरहेको गुनासो गरिरहेका हुन्।

बजारमा एलपी ग्यास आपूर्तिमा केही असहजता देखिँदा उपभोक्तामा कतै व्यवसायीले ग्यास लुकाएर 'कृत्रिम अभाव' त गराएका छैनन् भन्ने आशंका पनि उब्जिएको छ। जब बजारमा अभाव हुन थाल्छ तब कृत्रिम अभाव देखाउने विगतले पनि शंका गर्नुपर्ने अवस्था आएको हो। अहिले पश्चिम एसियामा जारी युद्ध अन्त्य गर्ने घोषणाले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा गिरावट आएको छ। 'स्ट्रेट अफ होर्मुज' खुलेका कारण पेट्रोलियमको मूल्य घटेर आउन सक्ने नेपाल आयल निगमको भनाइ छ। तर, भारतबाटै मूल्य घटेर आए पनि घाटा रहेको भन्दै आयल निगमले दुई पटकसम्म मूल्य स्थिर राखेको छ।

आयल निगमले आधा सिलिन्डर नीति लागु भएपछि बजारमा ग्यासको माग र खपत घटेको दाबी गरिरहँदा नेपाल ग्यास विक्रेता महासंघले भने त्यसलाई पूर्णरूपमा अस्वीकार गरेको छ। निगमले भनेजस्तो उपभोक्ताको वास्तविक माग घटेको होइन, बरु उपभोक्ताले आधा सिलिन्डर भर्न झन्झट मानेर पूर्ण सिलिन्डरको पर्खाइमा खाली सिलिन्डर नै घरमा 'होल्ड' गरेर राखेको महासंघको दाबी छ।

बीचमा निगमले लोडिङ कम दिएको र पछि भारतबाटै लोडिङ कम आउँदा ठूला उद्योगहरूसँग भएको स्टक सकिएकाले माग अनुसार आपूर्ति हुन नसकेको महासंघको दाबी छ। एकातिर निगम पूर्ण सिलिन्डरमा फर्कन तयार नहुनु र अर्कोतिर उद्योगी तथा ढुवानीकर्ताले आधा सिलिन्डरको प्राविधिक र आर्थिक भार बोक्न नसक्नुले बजारमा ग्यास अभाव सिर्जना भएको छ। यसको प्रत्यक्ष मारमा भने दैनिक उपभोग्य ग्यासका लागि घण्टौं कुर्नुपर्ने र चर्को मूल्य तिर्नुपर्ने सर्वसाधारण उपभोक्ता परेका छन्। सरकारले १५ दिनका लागि भनेर गरेको निर्ण तीन महिना पुग्दा र परि स्थितिमा फेरबदल आउन लाग्दा उपभोक्तालाई सहज हुने नीति लिनु समयको माग हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बड्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# फ्रान्सद्वारा सेनेगल ३-१ ले पराजित

**रासस**
काठमाडौं, ३ असार

फिफा विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत बुधबार सम्पन्न समूह 'आई'को खेलमा फ्रान्सले सेनेगलाई ३-१ गोल अन्तरले पराजित गरेको छ।

अमेरिकाको न्यूयोर्कस्थित न्यू जर्सी रङ्गशालामा भएको खेल पहिलो हाफ बराबरीमा टुङ्गिए पनि दोस्रो हाफमा भने दुवैतर्फबाट कूल चार गोल भए।

खेलको ६६औं मिनेटमा फ्रान्सका लागि किलियन एम्बाप्पेले गोल गर्दै टोलीलाई अग्रता दिलाए भने खेलको ८२ औं मिनेटमा ब्राड्ली बारकोलाले गोल गर्दै फ्रान्सको अग्रता दोब्बर बनाए। दोस्रो हाफको अतिरिक्त समयमा सेनेगलका लागि सान्त्वना गोल इब्राहिम एम्बायेले गर्दै खेललाई २-१ को अवस्थामा ल्याए। यद्यपि त्यसको अर्को मिनेटमा फ्रान्सका लागि एम्बाप्पेले व्यक्तिगत दोस्रो गोल गर्दै खेल ३-१ मा पुऱ्याए।

# मेसीको ह्याट्रिकमा अर्जेन्टिनाको जित

**रासस**
काठमाडौं, ३ असार

कप्तान लियोनल मेसीको ह्याट्रिकमा अर्जेन्टिनाले अल्जेरियालाई पराजित गर्दै फिफा विश्वकप- २०२६ को आफ्नो उद्घाटन खेलमा सुखद सुरुआत गरेको छ।

अमेरिकाको कान्सास सिटी रङ्गशालामा आज बिहान सम्पन्न खेलमा अर्जेन्टिनाले अल्जेरियालाई ३-० गोलअन्तरले पराजित गर्दै जित हासिल गरेको हो।

साविक विजेता अर्जेन्टिनाका लागि कप्तान मेसीले यस सिजनको पहिलो ह्याट्रिक पूरा गरेका हुन्। यस सिजनको यसअघिका खेलहरूमा कुनै पनि खेलाडीले ह्याट्रिक पूरा गर्न सकेका छैनन्।

मेसीले खेलको पहिलो हाफको १७औं मिनेटमा अर्जेन्टिनाका लागि पहिलो गोल गरे। त्यस्तै खेलको ६० औं मिनेटमा दोस्रो तथा खेलको ७६औं मिनेटमा ह्याट्रिक पूरा गरे। जितसँगै समूह 'जे'मा रहेको अर्जेन्टिनाले तीन अङ्क जोड्दै शीर्षस्थानमा उक्लिएको छ।

# तापक्रम बढ्ने जोखिम

**रासस**
काठमाडौं, ३ असार

जल तथा मौसम विज्ञान विभागले यस मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ। विभागका मौसमविद् सुदर्शन हुमागाईंका अनुसार आगामी मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षाको हुने सम्भावना छ।

विभागका अनुसार यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेस प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ। त्यस्तै, सुदूरपश्चिम प्रदेशका अधिकांश भू-भाग, मधेस प्रदेशका पश्चिमी भू-भाग तथा कोशी प्रदेशमध्ये भू-भागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ। कर्णाली र कोशी प्रदेशका उत्तरी भू-भागमा भने सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको बताइएको छ। बाँकी अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षाको सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागको आँकलन छ।

अधिकतम तापक्रमतर्फ सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेस र कोशी प्रदेशका विभिन्न भू-भागमा सरदरभन्दा बढी तापक्रम रहने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको विभागले जनाएको छ। त्यस्तै, न्यूनतम तापक्रम पनि देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको विभागको निष्कर्ष छ। विशेषगरी सुदूरपश्चिम, कर्णाली, बागमती, मधेस र कोशी प्रदेशका केही क्षेत्रमा न्यूनतम तापक्रम सरदरभन्दा बढी रहने सम्भावना ५५ देखि ६५ प्रतिशतसम्म रहेको बताइएको छ। विभागअन्तर्गत हावा पानी विश्लेषण शाखाका इन्जार्ज सुजन सुवेदीले मनसुन नेपालको सबैभन्दा संवेदनशील मौसम प्रणाली भएको उल्लेख गर्दै वार्षिक वर्षाको करिब ८० प्रतिशत हिस्सा मनसुन अवधिमै हुने जानकारी दिनुभयो।

विभागका अनुसार नेपालमा समान्यतया जेठ १८ देखि असोज १४ सम्म चार महिना मनसुन अवधि रहन्छ। विभागले विश्व मौसम सङ्गठनअन्तर्गत विश्व तथा क्षेत्रीय जलवायु सूचना उत्पादन केन्द्रको हावापानी प्रारूप, दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्च (सास्कोफ) लगायतका अन्तरराष्ट्रिय जलवायु मोडेलको विश्लेषणका आधारमा मनसुनको ऋतुगत आँकलन तयार गरेको जनाएको छ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गतको राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रले जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी गरेको 'कृषि-मौसम सल्लाह बुलेटिन'मा मनसुन ऋतु (जेठ १८ देखि असोज १४ गतेसम्म) को जलवायु आँकलनका आधारमा यस्तो सुझाव दिइएको हो।

बुलेटिनअनुसार आगामी मनसुनमा कम वर्षा हुने सम्भावना रहेकाले धानखेती गर्दा कम पानीमा पनि राम्रो उत्पादन दिनसक्ने तथा खडेरी सहनसक्ने सुक्खा धान-१, सुक्खा धान-२, सुक्खा धान-३, सुक्खा धान-४, सुक्खा धान-५ र सुक्खा धान-६ जस्ता जात छनोट गर्न किसानलाई आग्रह गरिएको छ।

यस्तै वर्षा कम हुने सम्भावनालाई ध्यानमा राख्दै वर्षाको पानी सङ्कलन (रेनवाटर हार्भेस्टिङ) गर्ने तथा पोखरीलगायत जलस्रोतमा पानी सञ्चित गरेर राख्न सुझाव दिइएको छ। बुलेटिनमा जलवायुमैत्री तथा पानी बचत गर्ने कृषि प्रविधि अपनाउन पनि सिफारिस गरिएको छ। सुक्खा तथा हिले छरुवा धान खेती (वेट एन्ड ड्राइ डिएसआर), पालैपालो भिजाउने र सुकाउने (एडब्लुडी) तथा सघन धानखेती (एसआरआई) प्रविधिले कम पानीमा पनि उत्पादन कायम राख्न सहयोग पुग्ने उल्लेख गरिएको छ।

# निःशुल्क हवाई उद्धारले गर्भवती र सुत्केरीलाई सहज

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

गण्डकी प्रदेश सरकारले विकेट क्षेत्रका गर्भवती तथा सुत्केरीको उद्धारका लागि सञ्चालन गरेको 'निःशुल्क हवाई उद्धार' सेवा प्रभावकारी बन्दै गएको छ।

प्रदेश सरकारले ग्रामीण क्षेत्रमा उपचार हुन नसकेर ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीको उद्धार गरी सुविधा सम्पन्न अस्पतालमा पुऱ्याउन उक्त सेवा सञ्चालन गरिरहेको छ।

सात वर्ष अगाडि सुरु गरेको सेवाबाट हालसम्म ७१ जना गर्भवती तथा सुत्केरीले सेवा लिएको जनाएको छ। आर्थिक वर्ष २०७६/७७ बाट सुरु हवाई उद्धार सेवाबाट सबैभन्दा बढी बागलुङका सेवाग्राही लाभान्वित भएका छन्।

गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयका अनुसार विसं २०७६ मा १० जना, विसं २०७७ मा ३३, विसं २०७८ मा आठ जना, विसं २०७९ मा पाँच, विसं २०८० मा चार जना, विसं २०८१ मा एक जना र विसं २०८२ मा छ जनाले उक्त सेवा लिएका छन्।

विसं २०७६ अगाडि चार जनाले सेवा लिएको मन्त्रालयले जनाएको छ। बागलुङबाट मात्रै ३० जना गर्भवती तथा सुत्केरीले सेवा लिइसकेको स्वास्थ्य मन्त्रालयका स्वास्थ्य तथ्याङ्क अधिकृत बुद्धिसागर अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार म्याग्दीका १८ जना, गोरखाका छ जना, मुस्ताङका पाँच जना, लमजुङका चार जना, पर्वत र मनाङका दुई/दुई जना महिलाले सेवा लिएका छन्। अधिकारले २०७८ सालपछि हवाई उद्धार सेवा लिनेको सङ्ख्या कम हुँदै गएको बताउनुभयो। प्रदेश सरकार र स्थानीय तहहरुले स्थानीयस्तरमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न थालेपछि कम गर्भवती तथा सुत्केरीको उद्धार गर्नुपरेको उहाँको भनाइ छ। अधिकृत अधिकारीले भन्नुभयो, "पछिल्लो समय जिल्ला तह र स्थानीय तहमा अस्पताल राम्रो बन्दै गए, ति अस्पतालबाट प्रसूति सेवा प्रभावकारी बन्न थाले, त्यसले गर्दा हवाई उद्धार कम भएको हो, यद्यपि २०७८ सालपछि २०८२ सालमा उद्धार सङ्ख्या बढेको देखिन्छ।"

गर्भवती र २८ दिनसम्मको नवजात शिशुको स्वास्थ्यमा जटिलता समस्या आइपरेमा प्रदेश सरकारले हेलिकप्टरमार्फत निःशुल्क उद्धार गर्दै आएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका सूचना अधिकारी देवप्रकाश घिमिरेले भौगोलिक विकटताका कारण गर्भवतीलाई सहज रुपमा अस्पताल पुऱ्याउन नसकिने हुँदा हेलिकप्टरमार्फत उद्धार गर्नुपर्ने बाध्यता आएको बताउनुभयो। गण्डकी प्रदेश सरकारले आगामी आवमा हवाई उद्धारका लागि रु १५ लाख बजेट विनियोजन गरेको छ। चालु आवमा पनि रु १५ लाख बजेट विनियोजन भएको थियो।

# मालिकाको दरवाङ-फूलबारी सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ असार



मालिका गाउँपालिकाको केन्द्र दरवाङदेखि फूलबारी-च्युरीबोट-सिस्नेरी हुँदै बागलुङको तमानखोला जोड्ने सडकको दरवाङ-फूलबारी खण्डमा मार्ग खुलेको १८ वर्षपछि स्तरोन्नति भएको छ।

विसं २०६६ मा मार्ग खुलेको सडकको दरवाङ-फूलबारी खण्ड स्तरोन्नतिका लागि मालिका गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरेको आयोजना लक्ष्यअघि नै सम्पन्न भएको हो। मार्ग खुलेदेखि हालसम्म यस सडक सामान्य मर्मतको भरमा सञ्चालन हुँदै आएको थियो।

प्रदेश समपूरक शीर्षकमा गाउँपालिकाले चालु आवमा रु एक करोड बजेट विनियोजन गरेको यस आयोजना निर्माणका लागि मङ्गला कन्ट्रक्सन बाबियाचौरले रु ६५ लाख २३ हजार ४३२ मा गत माघ २६ गते ठेक्का सम्झौता गरेको थियो। आगामी असार १५ गतेसम्म ठेक्काको म्याद रहेको योजना लक्ष्यभन्दा १५ दिनअघि नै सम्पन्न गरेको निर्माण कम्पनीका प्रतिनिधि चक्रलाल पाण्डेले बताउनुभयो। इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुद कम्पनीले लिएको जिम्मेवारी समयमै पूरा गरेको उहाँले बताउनुभयो।

तीन दशमलव पाँचदेखि चार मिटर चौडाइ भएको सडकलाई कम्तीमा छ मिटर फराकिलो बनाइएको छ। फराकिलो पारेपछि करिब ५०० मिटर दूरीमा नाली, ग्रेड, घुम्ती मिलाउने, ग्याबियन, पलम पर्खाल निर्माण र एक ठाउँमा कजवे निर्माण गरिएको गाउँपालिकाका पूर्वाधार शाखा प्रमुख दीपक सापकोटाले बताउनुभयो। "यस आयोजनामार्फत ११ हजार घनमिटर भित्ता काट्ने, ४४५ घनमिटर ग्याबियन जालीको पर्खाल, २५४ घनमिटर नाली, २५० घनमिटर ढलान र २७ घनमिटर पलम पर्खाल निर्माण गर्ने सम्झौता भएको थियो", उहाँले भन्नुभयो "प्राविधिक टोलीबाट नापजाँच र मूल्याङ्कनको चरणमा रहेको छ।" यसअघिको वर्षमा थापाचौरदेखि देविस्थान जाने घुम्तीसम्मको खण्डमा स्तरोन्नति भएको थियो। यो सडक मालिका गाउँपालिका-४, २, र ३ नम्बर वडाका साथै बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले प्रयोग गर्छन्।

यो मालिका गाउँपालिकाको चालु आवको प्राथमिकताप्राप्त आयोजना भएको गाउँ कार्यपालिकाका प्रवक्ता अनुप गौचनले बताउनुभयो।

# राममन्दिर गुठीको तीस रोपनी जग्गा अतिक्रमणमा

**पोखरापत्र संवाददाता**
तनहुँ, ३ असार

जिल्लाको प्रसिद्ध धार्मिक तीर्थस्थल देवघाटधामस्थित राममन्दिर गुठीको स्वामित्वमा रहेको जग्गा अतिक्रमणमा परेको छ। गुठीको नाममा रहेको १४९ रोपनीमध्ये करिब ३० रोपनी जग्गामा अतिक्रमण गरी स्थायी तथा अस्थायी संरचना निर्माण गरी बस्ती बसालेको अनुमान गरिएको छ।

त्यस क्षेत्रमा ३७ घरका १०६ जनाका परिवारले स्थायी तथा अस्थायी संरचना निर्माण गरी बस्ती बसालेका छन्। उक्त जग्गा घरायसी कागजपत्रका भरमा किनबेच भइरहेको जानकारी पाइएको देवघाट गाउँपालिकाका प्रवक्ता एवं वडा नं ५ का वडाध्यक्ष पूर्णबहादुर कुँवरले जानकारी दिनुभयो।

उहाँले गुठीको जग्गा व्यक्तिका नाममा नामसारी वा लालपुर्जा दिन नमिल्ने स्पष्ट कानुनी प्रावधान रहे पनि सो क्षेत्रमा घरायसी कागज बनाएर जग्गा किनबेच गर्दै आएको पाइएकाले यस्ता जग्गा खरिद-बिक्री नगर्न सूचित गरिएको बताउनुभयो।

गाउँपालिकाले गुठीको जग्गा खाली गर्नसमेत स्थानीय बासिन्दालाई आग्रह गरेको छ। कहीँकतै जग्गा नभएका वास्तविक सुकुम्बासीलाई सङ्घीय सरकारले वैकल्पिक जग्गाको व्यवस्थापन गरी कानुनी रूपमै लालपुर्जा दिने तयारी गरिरहेको छ। देवघाट गाउँपालिका, देवघाट क्षेत्र विकास समिति र स्थानीय प्रशासनको सक्रियतामा देवघाटको वेणी क्षेत्रको सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका १६ वटा अस्थायी टहरा भने पूर्ण रूपमा हटाइसकिएको छ।

त्रिशूली र कालीगण्डकीको सङ्गमस्थल 'वेणी'को स्नानघाट संरक्षण र धार्मिक क्षेत्रको सौन्दर्यकरणका लागि क्षेत्र विकास समितिले सातदिने सूचना जारी गरेपछि सो क्षेत्रका अनधिकृत संरचना हटाइएको छ। स्नानघाट संरक्षण पर्खालभन्दा तलको सार्वजनिक जग्गामा विभिन्न सङ्घसंस्था, जोगी, भिक्षु, पण्डित तथा व्यवसायीले ती टहरा बनाएर उपभोग गर्दै आएका थिए।

# उज्यालो बन्दै विश्वप्रसिद्ध पदमार्ग एबिसी पदमार्ग

**राम थापा र कृष्ण दबाडी**
कास्की, ३ असार/रासस

विश्वप्रख्यात अन्नपूर्ण आधार शिविर (एबिसी) पदमार्गमा पदयात्रा गर्ने स्वदेशी तथा विदेशी पर्यटकका लागि अब पदयात्रामा अझै सहज हुने भएको छ।

नेपाल विद्युत् प्राधिकरणले अन्नपूर्ण पदमार्गअन्तर्गत पर्ने अन्नपूर्ण गाउँपालिका वडा ११ झिनुडाडादेखि माथिल्लो सिनुवासम्म राष्ट्रिय प्रसारण लाइन विस्तार गरेसँगै यस क्षेत्र उज्यालो बनेको हो । कास्की जिल्लाका प्रमुख पदमार्गमा विद्युतीकरण गर्ने सरकारी योजनाअनुसार अन्नपूर्ण गाउँपालिकाको पर्यटकीय क्षेत्र झिनु डाडादेखि माथिल्लो सिनुवासम्म राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुर्‍याइएको हो । यससँगै वर्षौंदेखि माइक्रो हाइड्रो र वैकल्पिक ऊर्जामा निर्भर स्थानीय बासिन्दा, होटल व्यवसायी र पर्यटकले अब भरपर्दो विद्युत् सेवा पाउने भएका छन् । यसबाट विशेष गरेर पर्यटन व्यवसायी औधी रमाएका छन् ।

अन्पूर्ण ११ झिनुमा विगत २० वर्षदेखि होटल व्यवसाय गर्दै आउनुभएका जगदीश गुरुङले भन्नुभयो “ यहाँ राष्ट्रिय प्रसारण लाइन विद्युत आउनु औधी खुसीको कुरा हो । अव यहाँको पर्यटन अझ प्रवर्द्धन हुने छ ।”उहाँका अनुसार झिनुडाडादेखि माथिल्लो सिनुवासम्म ठूला साना गरी ६० /७० होटल सञ्चालनमा आइसकेका छन् । अन्पूर्ण ११ छोम्रोङका मिकाश गुरुङले राष्ट्रिय प्रसारण लाइन विद्युत सेवाले पदयात्रीलाई समेत थप सहज बन्ने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रिय प्रसारण लाइन पुगेपछि पदयात्रीले मोबाइल चार्जिङ, तातोपानी, इन्टरनेट तथा अन्य विद्युतीय सेवामा सहज पहुँच पाउने भएका छन् । होटल व्यवसायीका अनुसार अब पर्यटकलाई चौबिसै घण्टा विद्युत् सुविधा उपलब्ध गराउन सकिने भएकाले सेवाको गुणस्तरमा उल्लेखनीय सुधार आउनेछ ।

नेपाल विद्युत् प्राधिकरण पोखरा वितरण केन्द्रका इन्जिनियर सजीवश्री रम्तेलका अनुसार घान्द्रुक बसपार्कबाट झिनु र छोम्रोङ हुँदै माथिल्लो सिनुवासम्म लाइन विस्तार गरी विद्युत् प्रवाह सुरु भइसकेको छ । उहाँले भन्नुभयो, “घान्द्रुक बसपार्कदेखि माथिल्लो क्षेत्रमा



राष्ट्रिय प्रसारण लाइन पुगेको थिएन । अहिले अपर सिनुवासम्म लाइन विस्तार गरी चार्जसमेत भइसकेको छ र स्थानीयले मिटर जडान गर्न थालेका छन् ।” यस क्षेत्रमा विद्युतीकरणका लागि २०७९ सालमा पहिलोपटक बोलपत्र आह्वान गरिएको थियो । पहिलो बोलपत्रअनुसार छनोट भएको कम्पनीले सम्झौता नगरेपछि पुनः ठेक्का आह्वान गरिएको थियो । बीएनआर महालक्ष्मी जेभी, धनकुटाले लेवर कन्ट्र्याक्टबापत रु दुई करोड २१ लाखको लागतमा आयोजना सम्पन्न गरेको हो । दुर्गम हिमाली भूगोलका कारण आयोजना कार्यान्वयन चुनौतीपूर्ण बनेको थियो । विशेषगरी छोम्रोङभन्दा माथिल्लो क्षेत्रमा विद्युत् पोल र ट्रान्सफर्मर हेलिकप्टरमार्फत ढुवानी गरेर लाइन विस्तार गरिएको प्राधिकरणले जनाएको छ । “पदयात्रीलाई मोबाइल चार्ज गर्न, पानी तताउन र इन्टरनेट चलाउन समस्या हुन्थ्यो । राष्ट्रिय प्रसारण लाइन पुगेपछि ती समस्या धेरै हदसम्म समाधान भएका छन्”, इन्जिनियर रम्तेलले भन्नुभयो । प्राधिकरणले आगामी आर्थिक वर्षभित्रमा एबिसी पदमार्गमा पर्ने हिमालयसम्म राष्ट्रिय प्रसारण लाइन विस्तार गर्ने योजना बनाएको छ । सामग्री अभावका कारण हालका लागि काम रोकिए पनि आगामी वर्ष विस्तारलाई निरन्तरता दिइने प्राधिकरणले जनाएको छ ।

स्थानीयवासीका अनुसार विद्युत् पहुँच विस्तारले पर्यटन व्यवसायमात्र नभई शिक्षा, स्वास्थ्य, सञ्चार तथा स्थानीय आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्नेछ । अन्नपूर्ण गाउँपालिका-११ का वडाध्यक्ष हिमबहादुर गुरुङले आधुनिक विद्युत् सुविधा विस्तारले अन्नपूर्ण पदमार्गको पर्यटन प्रवर्‌द्धनमा नयाँ ऊर्जा थप्ने विश्वास व्यक्त गर्नुभयो । “पदयात्रीले अब यस क्षेत्रमा पदयात्रामा आउँदा समस्या भोग्नु पर्दैन, यसबाट सहज सञ्चार सुविधाका लागि सहयोग पुगेको छ”, गुरुङले भन्नुभयो ।

विश्वकै लोकप्रिय पदयात्रा गन्तव्यमध्ये एक अन्नपूर्ण आधार शिविर पदमार्गमा राष्ट्रिय प्रसारण लाइन पुगेपछि पर्यटकको बसाइमा तथा यात्रा थप सहज, सुरक्षित र गुणस्तरीय बन्ने अपेक्षा गरिएको छ । यसबाट थप पर्यटक आगमन वृद्धि हुने स्थानीयले विश्वास लिएका छन् ।

**अन्नपूर्ण क्षेत्रमा अहिलेसम्मकै धेरै पर्यटक**

अन्नपूर्ण संरक्षण क्षेत्रमा यस वर्ष अहिलेसम्मकै धेरै विदेशी पर्यटक भित्रिएका छन् । चालु आवको जेठसम्ममा चार लाख ४१ हजार ४२२ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ । आव २०८१/८२ मा जम्मा दुई लाख ७८ हजार ११३ विदेशी पर्यटक अन्नपूर्ण क्षेत्रमा पुगेका थिए । चालु आव सकिन अझै एक महिना बाँकी रहेकाले यस वर्ष पर्यटकको सङ्ख्या थप बढ्ने आयोजना प्रमुख डा रविन कडरियाले बताउनुभयो । “गत जेठमा भारतसहित दक्षिण एसियाली देशका पर्यटकको सङ्ख्या झन्डै ३०० प्रतिशतले वृद्धि भयो”, उहाँले भन्नुभयो, “भारतीय पर्यटक यति ठूलो सङ्ख्यामा आएको यो पहिलोपटक हो ।” भारतमा पोखरा, मुक्तिनाथलगायत यस क्षेत्रका गन्तव्यस्थलको पर्यटन प्रवर्‌द्धन हुनु, यातायातको सहजता, सामाजिक सञ्जालमार्फत भइरहेको प्रचारप्रसार आदि कारणले भारतीय पर्यटक बढेको उहाँले बताउनुभयो । यस याममा गर्मी छल्न पनि भारतीय पर्यटक पोखरा र आसपासका गन्तव्यमा आउने गरेका छन् । आयोजना कार्यालयको आकडाअनुसार गत जेठसम्ममा भित्रिएका कुल पर्यटकमध्ये तीन लाख १९ हजार ४१९ दक्षिण एसियाली मुलुकका र एक लाख २१ हजार ९९३ अन्य मुलकका रहेका छन् । जेठमा मात्र एक लाख २७ हजार ४५९ पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका हुन् । गत वर्ष जेठमा उक्त सङ्ख्या जम्मा ३१ हजार ९५५ मा सीमित थियो । यस वर्ष वैशाख-जेठमा पोखराका होटलको ‘अकुपेन्सी’ ९० प्रतिशतसम्म पुगेको होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो ।

मनसुन भित्रनुपूर्वको यो याममा पोखरामा भारतीय पर्यटकको सङ्ख्या बढ्ने गरेको उहाँको भनाइ छ । झरी परिरहने पोखरा गर्मी छल्ने गन्तव्यका रूपमा भारतीयहरूको रोजाइमा पर्ने गरेको छ । पोखरा आउने भारतीय पर्यटकमध्ये झन्डै ४० प्रतिशत मुक्तिनाथ दर्शनमा जाने गरेका छन् । पदयात्राका लागि विभिन्न गन्तव्यमा जाने अन्य मुलुकका पर्यटकले पनि केही समय पोखरामा बिताउने गरेका छन् । पदयात्रा पर्यटनका लागि अन्नपूर्ण क्षेत्र विश्वप्रसिद्ध गन्तव्य मानिन्छ । अन्नपूर्ण चक्रीय पदमार्ग भएर पर्यटक अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा पुग्ने गरेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । सात हजार ६०० वर्गकिलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले प्रसिद्ध छ ।

कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ । अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा समेटिएका छन् । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट मानिन्छ ।

# स्याङ्जा गल्याङ पोखरा सम्पर्क समाजको स्थापना दिवसमा विविध कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ३ असार

स्याङ्जा गल्याङ पोखरा सम्पर्क समाज कास्कीको पाँचौं स्थापना दिवसको अवसरमा आयोजित वात्स्यायन विद्याश्रम आश्रित वृद्धावृद्धहरूको लागि खाद्यन्न तथा फलफुल वितरण कार्यक्रम र वृक्षरोपण कार्यक्रम गरेको छ ।

कार्यक्रम सञ्चालन संस्थाका सचिव हरिप्रसाद खनालले गर्नुभएको थियो । सो अवसरमा कार्यक्रमको स्वागत मन्तव्य संस्थाका संस्थापक अध्यक्ष बुद्धिप्रसाद भण्डारीले गर्नुभएको थियो । सो अवसरमा दोस्रो वर्ष रामदी धाम गएका थियौं तेस्रो वर्ष फेदीखोला गाउँपालिका र अहिले यही पोखरा वडा नम्बर १४ आएका छौं र आगामी वर्षमा पनि यस्तो कार्यक्रम गरिराख्न हाम्रो भव्य सभ्य र सामाजिक सेवामा हामी निरन्तर लागिरहने बताउनुभयो संस्थाका संस्थापक अध्यक्ष बुद्धि भण्डारीले बताउनुभयो ।



कार्यक्रममा अध्यक्ष ईश्वर प्रसाद भट्टराई, संस्थापक सल्लाहकार विश्वास भण्डारी, नवनियुक्त सल्लाहकार विष्णुप्रसाद बस्याल, उपाध्यक्ष कमला खनाल, सचिव हरिप्रसाद खनाल, सहसचिव कविन्द्र खनाल, कोषाध्यक्ष दलबहादुर थापा साथै सदस्यहरूमा विष्णुप्रसाद पौडेल राधा न्यौपाने दीपक पाण्डे विष्णुप्रसाद बस्याल, नारायण प्रसाद खनाल, पल्लवी न्यौपाने, कृष्णप्रसाद खनाल, गुप्त बहादुर राणा लगायतको उपस्थित रहेको थियो । आगामी वर्ष पनि भव्य र सभ्य कार्यक्रम गर्ने, सामाजिक सेवा गर्ने रक्तदान तीज कार्यक्रम दशैं तिहार शुभकामना आदानप्रदान वनभोज लगायतका कार्यक्रमहरू आगामी वर्षको निरन्तरता दिने संस्थाका अध्यक्ष ईश्वर प्रसाद भट्टराईले जनाउनुभएको थियो । जिन्सी सामान फलफुल खाद्यान्नको वितरण अध्यक्षले गर्नुभएको थियो । साथै पोखरा नगर विकास समितिका सदस्य लोकदर्शन कोइरालाको उपस्थिति पनि रहेको थियो । सो अवसरमा लोकदर्शन कोइरालाले सम्पूर्ण कार्यसमितिलाई पुष्करणी परोपकार गोकुल धामको अवलोकन गराउनु भएको थियो । सो अवसरमा गुरु कमल नयन गौतमले गोकुल धामको बारेमा जानकारी गराउनुभएको थियो । गोकुल धामको लागि स्याङ्जा गल्याङ पोखरा सम्पर्क समाज कास्कीले केही सहयोग गरेको थियो ।

# किसानलाई अनुदानमा मौरी घार वितरण

**पोखरापत्र संवाददाता**
दमौली, ३ असार

जिल्ला कृषि विकास कार्यालय तनहुँले आँबुखैरेनी गाउँपालिका-२ स्थित खोलागाउँका किसानलाई अनुदान सहयोगमा मौरीघार वितरण गरेको छ । किसानको आयआर्जन वृद्धि गर्दै मौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा ५० थान मौरीघार वितरण गरिएको केन्द्रले जनाएको छ ।

कार्यालयको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रमअन्तर्गत उक्त सहयोग प्रदान गरिएको हो । कृषि उद्यम विकास कार्यक्रम, रैथाने बाली प्रवर्द्धन कार्यक्रम, जलवायु मैत्री प्रविधि प्रवर्द्धन कार्यक्रम तथा निर्यातजन्य बाली प्रवर्द्धन कार्यक्रममार्फत रोदी खोला किसान समूहमा आबद्धलाई मौरीका घार हस्तान्तरण गरिएको कार्यालयका सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो ।



जिल्ला कृषि विकास कार्यालय तनहुँका प्रमुख पर्शुरामअधिकारीलेमौरीपालनलाई आयमूलक व्यवसायका रूपमा विकास गर्न कार्यालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । उहाँले अनुदानमा वितरण गरिएका मौरीका घारको उचित प्रयोग गरी व्यवसाय विस्तार गर्न कृषकलाई आग्रह गर्नुभयो । “मौरीपालन ग्रामीण क्षेत्रका कृषकका लागि राम्रो सम्भावना बोकेको व्यवसाय हो”, उहाँले भन्नुभयो, “यसबाट उत्पादित महको बजार माग उच्च रहेकाले कृषकले अतिरिक्त आम्दानी लिनसक्ने अवस्था छ । कार्यालयले आगामी दिनमा पनि उत्पादनमुखी कार्यक्रमलाई प्राथमिकता दिनेछ ।” गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमानले कृषि क्षेत्रलाई आत्मनिर्भर र व्यावसायिक बनाउन यस्ता कार्यक्रम प्रभावकारी हुने बताउनुभयो । उहाँले मौरीपालन कम लगानीमा राम्रो आम्दानी लिन सकिने व्यवसाय भएकाले ग्रामीण क्षेत्रमा यसको विस्तार आवश्यक रहेको उल्लेख गर्नुभयो । “मौरीपालनले मह उत्पादन मात्र होइन, कृषिबालीको परागसेचनमा महत्वपूर्ण योगदान पुर्‍याउँछ”, उहाँले भन्नुभयो, “यसले कृषकको आम्दानी वृद्धि गर्नुका साथै कृषि उत्पादन बढाउन पनि सहयोग पुग्छ ।”

# फोहर बिक्रीबाट २४ लाख आम्दानी

**पोखरापत्र संवाददाता**
तनहुँ, ३ असार

यहाँको सदरमुकामस्थित व्यास नगरपालिकाले फोहरजन्य वस्तु बिक्री गरी आम्दानी गर्न थालेको छ । नगरपालिकाले विसं २०८२ वैशाख १ गतेदेखि हालसम्म रु २४ लाख ७१ हजार ५५३ आम्दानी गरेको हो ।

फोहरका रुपमा सङ्कलन गरी पुनःप्रयोगयोग्य बनाइएका विभिन्न वस्तु बिक्री गरी नगरपालिकाले आम्दानी गरेको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार कागजजन्य वस्तु बिक्रीबाट रु छ लाख २३ हजार १६७, प्लाष्टिकजन्य वस्तु बिक्रीबाट रु ११ लाख ९८ हजार ५१२, धातुजन्य वस्तु बिक्रीबाट रु तीन लाख नौ हजार १२५, शिशाजन्य वस्तु बिक्रीबाट रु दुई लाख ७८ हजार ७३६ र लिलामबाट रु ६२ हजार दश आम्दानी गरेको छ ।

फोहरलाई मोहरमा परिणत गरी विबक्रीयोग्य वस्तु बिक्रीका लागि आर्थिक वर्ष २०८१/८२ मा आवश्यक प्रक्रिया पूरा गरी बोलपत्र आह्वान गरिएको र चालु आवमा साविकको मूल्यमा १० प्रतिशत थप गरी तनहुँ स्क्रेप सेन्टर व्यास-१ लाई फोहर बिक्रीको जिम्मा दिइएको छ ।

फोहरमैला व्यवस्थापनको चुनौती खेप्दै आइरहेको नगरपालिकाले घरबाटै फोहर वर्गीकरणगरीसङ्कलनगर्नथालेको छ । कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै वर्गीकरण गरी सङ्कलन गर्ने र बिक्री गर्न योग्य फोहर बिक्री गरी आम्दानी गरिएको लम्सालले बताउनुभयो ।

उहाँले भन्नुभयो, “एकैठाउँमा सबै फोहर सङ्कलन गर्दा समस्या हुने भएकाले कुहिनेलाई छुट्टै गाडीमा र नकुहिनेलाई छुट्टै गाडीमा सङ्कलन भइरहेको छ ।” फोहर बिक्री गरी आम्दानी हुन थालेपछि नगरपालिकालाई आन्तरिक स्रोत वृद्धिमा सहयोग पुगेको लम्सालले बताउनुभयो ।

व्यास नगरपालिका-१३ मा सरसफाइ व्यवस्थापनका लागि जग्गा खरिद गर्ने कार्यको आवश्यक प्रक्रिया पूरा गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निर्णयका लागि पेस भएकामा हालसम्म निर्णय नआएको उहाँले बताउनुभयो ।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले फोहर उठाउँदादेखि नै कुहिने र नकुहिने फोहर छुट्याउने र नकुहिने फोहरभित्र पनि विभिन्न सिसा, प्लाष्टिक, कागजजस्ता चिजहरू छुट्टाएर त्यसलाई मेसिनले कम्प्रेस गरी आम्दानी गर्न थालिएको बताउनुभयो ।

तेतीस वर्षसम्म पनि फोहरमैला व्यवस्थापनको स्थायी समाधान गर्न नसकिएको बताउँदै न्यौपानेले भन्नुभयो, “विगतको मेरो कार्यकालमा पनि प्रयत्न गर्दा गर्दै समस्या आयो । जग्गा व्यवस्थापनका लागि नगरपालिका लागिरहेको छ ।”

नगरपालिकाले कुहिने फोहरलाई भने दुम्सीस्थित गौसंरक्षण केन्द्रमा व्यवस्थापन गरी त्यहाँबाट बायोग्यास उत्पादन गर्ने काम गरिरहेको छ । व्यास नगरपालिकाले बजार क्षेत्रको वडा नं २, ३ र ४ बाट दैनिक रुपमा फोहर सङ्कलन गर्दै आएको छ । नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुने गरेको छ ।

# म्याग्दीमा नयाँ पदमार्गको सम्भाव्यता अध्ययन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ असार

म्याग्दीको धवलागिरि गाउँपालिकामा मुदी-गुर्जा-रुघाचौर-जलजला जोड्ने पदमार्गको सम्भाव्यता अध्ययन सुरु गरिएको छ ।

म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका विज्ञान, प्रविधि तथा नवप्रर्वतनमन्त्रीमहावीरपुनलेपर्यटन विभागको सहयोगमा धवलागिरि गाउँपालिका-४ मुदीदेखि वडा नं १ गुर्जा हुँदै वडा नं २ मा पर्ने जलजला जोड्ने पदमार्गको सम्भाव्यता अध्ययन थालिएको जानकारी दिनुभयो । “मुदीबाट बुधबार गुर्जातर्फ गएको पाँच जनाको टोलीले गुर्जादेखि ढोरपाटन सिकार आरक्षमा पर्ने रुघाचौर हुँदै जलजलासम्म पदमार्गको सम्भाव्यता अध्ययन गर्नेछ”, उहाँले भन्नुभयो, “अर्को चरणमा बगरदेखि धौलागिरि आधार शिविर हुँदै मुस्ताङको टुकुचे जोड्ने पदमार्गको अध्ययन गरिनेछ ।” मन्त्री पुनका बेनीस्थित सम्पर्क कार्यालयका प्रमुखसमेत रहेका पर्यटन अभियानकर्मी चित्र तिलिजा पुनको नेतृत्वमा रहेको टोलीमा धवलागिरि गाउँपालिका-२ का वडा सदस्य मिम पाइजा, मुदीका देउबहादुर घर्ती, हर्कबहादुर घर्ती र तीर्थबहादुर पाइजा सहभागी हुनुहुन्छ । संयोजक तिलिजाले पहिलो चरणमा प्रस्तावित पदमार्गमा खानेपानी, सञ्चार, आवास, पदमार्गको अवस्था, आवश्यकता पहिचान, पर्यटकीय आकर्षणको अध्ययन तथा सरोकारवालासँग छलफल गरेपछि सम्भावना भएमा बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गरिने बताउनुभयो ।

सडक विस्तारसँगै पुराना पदमार्ग विस्थापित र यात्रा अवधि छोटिएपछि नयाँ पदमार्ग पहिचान गरी पूर्वाधार निर्माण र प्रवर्द्धनका लागि स्थानीयवासी तथा जनप्रतिनिधिले माग गरेका थिए । धौलागिरि हिमाल र ढोरपाटन सिकार आरक्षलाई जोड्ने प्रस्तावित पदमार्ग साहासिक, प्राकृतिक र सांस्कृतिक हिसाबले सम्भावनायुक्त छ ।धौलागिरि हिमालको फेदीमा रहेको मुदीमा मगर र दलित समुदायको बसोबास छ । लुकेको गाउँका रुपमा चिनिने गुर्जामा अल्पसङ्ख्यक छन्त्याल र दलित समुदायको बसोबास छ । गुर्जादेखि ढोरपाटन जाने बाटोमा पर्ने रुघाचौर र ढोरपाटन सिकार आरक्षमा समेटिएको जलजलाबाट मनमोहक दृष्यावलोकन गर्न सकिन्छ । सडक निर्माण हुने सम्भावना नभएको र बस्तीदेखि टाढा रहेको धौलागिरि-ढोरपाटन पदमार्ग दीर्घकालीन हिसाबले सम्भावनायुक्त हुने अपेक्षा गरिएको धवलागिरि गाउँपालिका-४ का अध्यक्ष यामप्रसाद घर्तीले बताउनुभयो ।